# चन्दननाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलंगाबजार जुम्ला

कर्णाली प्रदेश, नेपाल


प.सं. : ०७६/०७७
च.नं. : ४४

मिति : २०७६/०४/०१

**विषय : अख्तियारी सम्बन्धमा ।**

श्री प्रमुख प्रशासकीय अधिकृत,
चन्दननाथ नगरपालिका, जुम्ला ।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.ब. २०७६/०७७ को बजेट कार्यान्यन गर्न नगर सभाले स्वीकृत गरेको बिनियोजन ऐन, २०७६ र आर्थिक ऐन,२०७६ तथा प्रचलित ऐन नियम को परिधि भित्र रही बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को उपदफा १ बमोजिम तपाइलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । नियमानुसार बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्नु हुनेछ भने अपेक्षा लियको छु ।

बोधार्थ
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार , काठमाण्डौ ।

२०७६-४-१

कान्तिका सेजुवाल
नगर प्रमुख


Phone no: 087-520678,550679, Fax no :087-520011,
Website: chandannathmun.gov.np, Email: info@chandannathmun.gov.np,
Twitter @ChandannathMun : FB.COM/ChandannathMun

**चन्दननाथ नगरपालिका जुम्लाको**
**आ.व. २०७६/७७ को बजेट, नीति तथा कार्यक्रम**

नगरसभा सदस्य ज्यूहरु
सभाका सम्पूर्ण सदस्य महानुभाव ज्यूहरु,

नेपालको संविधान, पन्ध्रौं योजनाको आधारपत्र, नेपाल सरकारका क्षेत्रगत नीति तथा कार्यक्रम, स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन २०७४ परिमार्जन सहित अर्थ मन्त्रालय, प्रदेश सरकार तथा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको बजेट सिलिङ तथा मार्गदर्शन, स्थानीय सरकार संचालन ऐन २०७४, विभिन्न क्षेत्रगत नीति एवं मार्गदर्शन र आवश्यकता जनचाहना साथै संस्थागत आवश्यकतालाई हृदयगंम गरी यो नीति तथा कर्यक्रम तयार गरि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ अनुरुप नगर सभामा पेश गरेको छु ।

**मूलभुत नीति तथा कार्यक्रम**

- सकारात्मक सोचका साथ समृद्धिको दुरदृष्टी तयगरी यस नगर क्षेत्र सम्बृद्धिका लागि योजनाबद्ध रुपमा अघि बढिने छ ।
- विकासका कार्यहरुलाई प्रभावकारी र परिणाममुखी बनाउन नतिजामा आधारित बजेट बनाउने परिपाटी अवलम्ब गरिनेछ
- दिगो रुपमा सञ्चालन हुन नसक्ने तथा प्रतिफल हासिल हुन नसक्ने खालका टुक्रे योजनाहरु निरुत्साहित गरिनेछ ।
- चन्दननाथ नगरपालिका भित्रका बेरोजगार पुयावहरुलाई रोजगार तथा शिप मुलक व्यवसाय प्रर्वद्दन गर्न २०७६।०७७ देखि निरन्तरता दिई कम्तीमा १५ जना विपन्न परिवारमा सदस्यहरुलाई स्वरोजगार कार्यक्रम मार्फत न्युनतम रोजगार सृजना गरिने छ ।
- न्यूनतम आधारभुत आवश्यकतालाई पहिलो प्रथामिकतामा राखि बजेट विनियोजन गर्ने निती लिइनेछ ।
- नगरपालिकाको नियमित प्रशासनिक सेवा प्रवाह मुस्कान सहित सेवा प्रवाहको नीति अख्तियार गरिने छ ।
- सेवाग्राही हरुको गुनासो तथा उजुरीहरुलाई विषयवस्तुको गाम्भिर्यतालाई हेरी तत्काल समाधान गरिनेछ ।
- सेवाप्रवाह जनमैत्री बनाउन वडा कार्यलयहरुको व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- बढी भन्दा बढी जनतालाई प्रत्यक्ष लाभ हुने ठुला परियोजनाहरुलाई प्राथमिकता साथ अगाडी बढाईनेछ ।
- समावेशीको नाममा अनियन्त्रित रुपमा बजेट विनियोजन गरि भागवन्डा गर्ने प्रचलन हावि रहेको वर्तमान अवस्थालाई अन्त्य गरि लक्षित वर्गलाई प्रत्यक्ष लाभ हुने ठोस योजना निर्माण गर्ने नीति अवलम्व गरिनेछ
- अधिक लाभ पुग्ने, रोजगारी श्रृजना हुने, लागत सहभागिता जुट्ने, साझेदारी रहने खालका योजनालाई प्रथामिकता दिईनेछ ।
- स्विकृत नगर गुरु योजना अनुरुप आयोजना कार्यक्रमहरु तर्जुमा गरि संचालन गरीनेछ ।
- नगर क्षेत्र भित्र हुने अपराधिक क्रियाकलाप विरुद्ध जनचेतना जगाउने, दोषीलाई कानुनी कारवाही गर्ने तथा नगरपालिका क्षेत्र भित्र हुने सामाजिक विसंगतीका विरुद्ध सम्बन्धीत सरोकारवाला बीच समन्वय सहकार्य गरी शान्ति सुव्यवस्था कायम गर्न न्यायिक समिति मार्फत प्रभावकारी कार्यान्वयन गरिनेछ क्षति पूर्ती सहितको

कार्यान्वयनलाई जोड दिईनेछ ।

- नगर क्षेत्रलाई स्वच्छ सफा र हरित नगर सभ्य नगरको नीति अवलम्वन गरिने छ ।
- नगरका १० वटै वडाहरुमा न्याय र मेलमिलापको सहज पहँच पुऱ्याउन मेलमिलाप केन्द्रहरुलाई सक्रिय वनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाको आवश्यकतालाई मध्यनजर गरी आवश्यक संगठन संरचना अनुरुपका शाखाहरुको गठन गरि कार्यान्वयन ल्याईनेछ ।
- कर्णाली राजमार्ग अर्न्तगत जुगाड खोला देखि ट्रफिक कार्यालय सम्मको १५ मिटर सडक अतिक्रमण रोक्नकालागी सडक क्षेत्रको छट्याउने कार्य अघि बढाईनेछ ।
- बजार क्षेत्रमा रहेका टेलिफोन विद्युत अन्य केबुलका अव्यवस्थित अवस्थामा रहेका तार र पोलहरुलाई तत्काल व्यवस्थित गर्ने र सरोकारवालाहरु संग समन्वय गरि निकट भविष्यमा जमिन भित्र विछ्याउने काम अगाडि बढाइने छ ।
- चन्दननाथ नगरपालिका भित्रका विपन्न, दलित जनजाती तथा पिछिडिएका र बेरोजगार युवा समुदायहरुको सघन बसोबास भएका वडाहरुमा आव २०७६/७७ देखि मेयर रोजगार कार्यक्रमलाई निरन्तरता दिई कम्तीमा २० जना विपन्न परिवारको सदस्यहरुलाई स्वरोजागार कार्यक्रम मार्फत, न्यूनतम रोजगारी सृजना गरिनेछ । सो कार्य संचालनका लागि कार्यविधि तयार गरि महिला, दलित, युवा, फरक क्षमता भएका व्यक्तिहरुलाई समेटिने गरि कार्यान्वयनमा ल्याइनेछ ।
- आ.व. को अन्त्यमा मात्र काम गर्ने परिमाटीको अन्त्य गरी बाह्रै महिना योजना तथा विविध गतिविधिहरु
- संचालनमा ल्याईने (all weather service and activities) नीति अवलम्बन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकामा संचालित निर्माणाधिन विद्युत आयोजनाहरुलाई यस आर्थिक वर्ष भित्र सम्पन्न गरि विद्युत पहुच नपुगेका वडा हरुमा विद्युतको पहुच पुर्याई अन्धकार मुक्त नगर बनाईने छ ।
- निर्माण कार्यको भौतिक परिक्षण, सामाजिक परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई गराईने छ ।
- जलबायु परिवर्तन कार्यक्रम संचालन गरिने छ।
- नगर बासिको आवश्यकता पहिचान गर्न जनता संग नजिक रहेर गुनासो सम्वोधन गर्न आवश्यकता तथा माग बमोजिम कृयाकलाप संचालन गर्न ०७६।०७७ देखी जनता संग उप प्रमुख कार्यक्रम संचालन गरिने छ ।
- अपांगता भएका व्याक्तिहरुलाई सशक्त वनाउनको लागी सिपमुलक तथा आयआर्जनका कार्यक्रमहरु संचालन गरीनुका साथै अपांगमैत्री संरचनाहरुको निर्माण गरीने छ ।
- लक्षित कार्यक्रमको बजेटलाई सोही वर्गलाई प्रत्यक्ष लाभ पुग्ने भौतिक तथा सामाजिक विकासमा लगानी गरिनेछ ।
- आफ्नो टोल आफै सुधार गरौ जस्ता कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- वातावरण संरक्षण गरि सफा र हराभरा नगर निर्माण गर्न पलास्टीक जन्य वस्तुलाई निरुसाहित गरि सोको व्यवस्थापन गरीनेछ । ।
- जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

- विकासमा सक्रिय साझेदारी एवम्  सहभागि हुने जिल्ला स्थित गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, दातृ निकायबाट हुने विकास निर्माणका कार्यहरुलाई एकद्वार प्रणाली (One Door System) अर्न्तगत नगरपालिकाको स्वीकृती लिएर मात्र संचालन गर्ने गराउने व्यवस्था मिलाईनेछ ।
- यस क्षेत्रमा कार्यरत गै.स.स. लाई प्रभावकारीरुपमा संचालनको लागि NGO  डेस्क स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगर क्षेत्रलाई प्रर्यटकिय हब बनाउन नगरमा भएका प्रर्यटकिय क्षेत्रको सर्म्वद्धन गर्दै तिलानदिमा र्‍याफ्टिन संचलान गर्नको लागि आवश्यक पहल गरिने छ ।
- नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण आधारभुत तथ्याकंहरुलाई संकलन गरि नगरपालिकाको नगरप्रोफाईल तयार गरिनेछ ।
- नगरपालीकाको सम्भाब्य क्षेत्रमा होमस्टे संचालनका लागी आवश्यक व्यवस्था मिलाईनेछ ।
- बजार क्षेत्रकै विकास गर्न तथा व्यवस्थित शहर विकास गर्न व्यवस्थित गुरु योजना, भू उपयोग योजना लगायतको नीति अवलम्ब गरिनेछ ।
- वडा नं ५ अन्तर्गत बजार क्षेत्रमा बन्ने प्रत्यक घरको बाहिरी भागमा निलो रंग र जस्तावाला घरहरुको छतमा पनी निलो जस्ता अनिवार्य गराई बजारको सौन्दर्यता कायम गर्नुका साथै ब्लु वार्ड घोषणा गरीनेछ ।
- स्थानीय बालीलाई संरक्षण र कृषि उत्पादनलाई जोड दिई कृषिको आधुनीकीकरण र व्यवसायीकीकरण गर्दे कृषिमा आत्मनिर्भर बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय फलफुल उत्पादन र प्रमाणीकरण गर्न आवश्यक पहल गरिनेछ । यसका लागि स्याउ, सिमी, स्याउ सुकुट्टी, साना सिंचाई, सडक, सहुलियत ऋण तथा अनुदान, समुह, सहकारी जस्ता ८ स लाई मिसनको रुपमा अगाडी बढाईने छ ।
- उन्नत जातको ओखर र स्याउ लगाउने किसानलाई न्युनतम ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिने छ ।
- स्चालित योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team) मार्फत अनुगमन गर्ने परिपाटीलाई थप प्रभावकारी गरिनेछ । साथै सम्पन्न सबै आयोजना कार्यक्रम र निकायबाट प्रवाह हुने सेवा सम्बन्धमा सार्वजनिक सुनुवाई गर्ने गराउने परिपाटीलाई संस्थागत गरिनेछ ।
- बाल संरक्षण विकास र बाल सहभागिता विविध पक्षहरुमा सम्बन्धीत सरोकारवाला संगको समन्वयमा बालमैत्री नगर घोषणा गर्ने कार्यको थालनि गरिनेछ साथै नगर स्तरीय बाल संरक्षण समितिको खाता संचालन गरी पिडित एवं प्रभावितलाई राहत उपलब्ध गराईनेछ श्र।
- नगर क्षेत्रमा महिला विकास कार्यक्रम अर्न्तगत हिंसा तथा द्वोन्द पिडित महिलाहरुको लागि सिप विकास कार्यक्रम संचालन गरिने छ ।
- नगरमा रङ्गशाला निर्माणको लागि विस्तृत अध्ययन गरि निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- नमुना विद्यालय संचालनमा ल्याउने विद्यालयलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- सहकारीलाई सकृय बनाई मुल्य मान्यता तथा सिदान्त अनुरुप क्रियाकलापहरु संचालन गर्न आवश्यक पहल गरिने छ ।
- नगरको फोहोरमैला व्यवस्थापन गर्न तथा पोलेथिन झोला निरुत्सायित गर्न महिला उद्यमी सृजना गर्ने नीति लिईनेछ ।
- प्रमुख नीतिमा बाचन गर्न छुट भएका नीतिहरुलाई सम्बन्धीत विषयगत नीतिहरुमा समावेश गरिएको छ ।

age

**क्षेत्रगत नीतिहरुः**

भौतिक विकास तर्फ

- नगर गुरुयोजनाले निर्द्धिष्ट गरेका तथा क्रमागत सडकहरुमा प्राथमिकताका साथ लगानी गर्ने तथा नगरपालिकाको श्रोतले नसक्ने अवस्थाका ठुला सडकहरुलाई सरोकारवाला सम्बन्धीत निकायसँग समन्वय गरी निर्माण गरिनेछ ।
- नगर रिंगरोड निर्माण कार्यलाई प्राथमिकता साथ कार्यान्वियन गर्न आवश्यक पहल गरिनेछ ।
- सिंचाई योग्य जमिनको उचित संरक्षण गरि कृषि उत्पादनमा आत्मनिर्भर बनाउने नीतिलाई निरन्तरता ि दइनेछ ।
- भवन निर्माण कार्यलाई व्यवस्थित बनाउन भवन निर्माण स्वीकृतीलाई अनिवार्य बनाइ भवन आचारसहिता २०७२ कार्यान्वियनमा कडाई गरिनेछ । भुकुम्प प्रतिरोधी संरचना निर्माणलाई अनिवार्य गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- न्यूनतम पूर्वाधार जस्तै सडक, बिजुली, खानेपानी, संचार, जस्ता पूर्वाधार निर्माणमा निश्चित मापदण्डको आधारमा मात्र संरचनाहरु निर्माण गर्ने परिपाटी बसालिनेछ ।
- नगरक्षेत्रमा रहेका नाला तथा ढल निकास गर्नकोलागी आवश्यक व्यवस्था गरिनेछ ।
- योजनावद्ध विकासमा निर्द्धिष्ट गरे अनुसार प्राथमिकताका आधारमा भौतिक पूर्वाधारमा लगानी गरिनेछ ।
- कर्णाली प्रदेशका हिमालि जिल्लाहरु संग हवाई सञ्जालमा जोडी पर्यटन प्रर्वद्धन गर्ने कार्यको लागि पहल गरिनेछ । साथै एयरपोर्टमा
- नेपाल आयल निगमाको (Fulling Center) स्थापनाको लागि पहल गर्ने नीतिलाई निरन्तरता दिइनेछ
- अधुरा योजनाहरुलाई प्राथमिकता आधारमा समय सारणी (Time table) सहित सम्पन्न गर्न श्रोतहरुको खोजी गरी सम्पन्न गर्न प्रथामिकता दिईनेछ ।
- कच्ची सडक लाई दोहोरो नाला सहित ग्राभेल र ग्राभेल भएको सडकहरुलाई क्रमश कालोपत्र गर्दै लगिने नीतिलाई निरन्तरता दिईनेछ
- नगरपालिका क्षेत्रमा रंगशाला (Mini Stathadam) स्थापना गर्न पहल गरिनेछ ।
- धार्मिक एव पुरातात्विक महत्वको नगरक्षेत्रका सम्पदाहरुको सरोकारवालाहरुको समन्वयमा पहिचान गरी त्यसको संरक्षण र जर्गेनामा लगानी गर्ने नीति अवलम्ब गरिनेछ ।
- निर्माण भएका भौतिक संरचनाहरुको नियमित मर्मत संभार गर्न मर्मत संभार कोषको आवश्यक तथा माग बमोजिम परिचान गरिनेछ ।
- नगरपालिकाको प्रशासनिक भवनको क्षमता वढुवा तथा तला थप गर्नको लागि आवश्यक रकम विनियोजन गरिनेछ ।

**व्यवस्थित शहरीकरणः**

¨ वस्ती विकास योजना तर्जुमा निर्माण गर्न सम्बन्धीत निकायमा आवश्यक पहल गरिनेछ । यसका लागि तत्कालिन रुपमा नगर क्षेत्र भित्र रहेका सार्वजनिक तथा प्रती जग्गाहरुको लगतको अभिलेखिकरण तथा सार्वजनिक जग्गाको लगत कट्टिको लागि निरन्तरता दिईनेछ ।

¨ खानेपानी तथा ढल निकास विभागले सुरु गरेको व्यवस्थित ढल निकासको कार्यलाई आवश्यक सहयोग गर्न टिटमेन्ट प्लान्ट स्थापनाका लागि जग्गा खरिदकालागी साथै शहरी बजार योजना (City town plan) निर्माण गर्नका लागि सम्बन्धीत निकायमा आवश्यक पहल गरिनेछ ।

¨ वातावरणलाई स्वच्छ र हराभरा बनाउन वृक्षारोपण तथा बन विकास कार्यक्रमाका साथै नया सडकहरको दाँया बाँयाको क्षेत्रमा वृक्षा रोपण गर्ने कार्यक्रम ल्याइनेछ ।

¨ नगरक्षेत्र भित्र एक व्यवस्थित उद्यान निर्माणमा एक शहर एक उद्यान कार्यक्रम ल्याइनेछ र श्रोतको लागि सम्बन्धीत निकायमा पहल गरिनेछ ।

¨ नगरक्षेत्रको व्यवस्थीत विकास गर्न सडक क्षेत्रको मापदण्ड कायमगरि सडक क्षेत्राधिकार भित्रको जग्गाको लगत कट्टी गरेर मात्र योजना सञ्चालन गर्ने । कर्णाली राजमार्गको क्षेत्रको सडकको क्षेत्रधिकार सम्बन्धमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरि निर्धारण गरे बमोजिम (Right of Way) ३० मिटर र Set Back ६ ६ मिटर दायाँ बायाँ गरि जम्मा ४२ मिटर कायम गर्ने नगर भित्रका मुख्य सडक सडक बसपार्क बिजयनगर बजार बिजयनगर माथी महतगाउँ कर्णाली राजमार्ग रवि थापाको घर जाने राजमार्ग जिप्रका टुडिखेल, राजमार्ग राजासिम कालेखोली, राजमार्ग छिनासांघु, राजमार्ग बसपार्क पक्कि पुल, बजार केटिएम भेरे खाली बजार दानसांघु कालेखाली भण्डारीबाडा ल्याण्डफिल्ड साइड अनामनगर सिमखाडा केटिएम, नेपाली सेना हुँदै क्यामपस कालेखोली खोलीकोट डाडाकोट सिमखाडा केटिएम दुरसंचार सिंगाचौर मालभिड, एरपोर्ट ठिन्के उर्थु कालेखोली आचार्यबाडा ठिन्के दानसाघु, उमगाड तलिउम जातिभिड धर्मशाला काठिया बेर्ना खुम्मा तथा सोही प्रकृतिका सडकहरुको राइट अफ बे ८ मिटर र कभत घबअप दायाँ बायाँ गरि ३ मिटर तोक्ने । प्रस्तावित रिंगरोडको राइट अफ वे १० मिटर र सेट ब्याक दायाँ बायाँ गरि ५ मिटर तोक्ने नितिलाई निरन्तरता दिईनेछ ।

¨ यस नगरपालिका स्थित तिला नदी र जुगाड खोला तथा सोही प्रकृतिका नदी किनारामा राइट अफ वे १५ मिटर कायम गरिनेछ ।

¨ राष्ट्रियस्तरका सभा सेमिनार गर्न सकिने क्षमता भएको निर्माणधिन सभाहल सम्पन्न गर्न आवश्यक बजेटको लागि सम्बन्धीत निकायमा पहल गरिनेछ ।

¨ मनोरन्जन स्थल तथा बजार व्यवस्थापन व्यवस्थित गर्न एवं गुग्धजन्य पदार्थ, मासुजन्य वस्तुहरु, तरकारी, सुनचाँदी तथा इन्धनहरुका पसलहरु निश्चित स्थान निर्धारण गरिनेछ ।

¨ बजार क्षेत्रको सौन्दर्यता कायम गर्न ५ न वडाक्षेत्रलाई ब्लु वार्ड घोषणा गरिने छ ।

¨ बजार क्षेत्र भित्र चोरीका घटना बढ्न गएको विषयमा प्रति ध्यानाकर्षण गर्दै चोक तथा संवेदनसिल क्षेत्रहरुमा सिसि क्यामरा जडान गरिनेछ ।

## खानेपानी तथा सरसफाई (Drinking Water Supply, Sanitation and Hygiene)

- नगर क्षेत्रको फोहोर मैला व्यवस्थापनको लागी निर्माणाधिन डपिगं साईटलाई प्रथामिकताका साथ निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- जुम्ला जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेको हुँदा खुला दिसामुक्त क्षेत्र घोषणा पछिका क्रियाकलापहरु कार्यान्वयन गर्न रणनिति बनाई यस क्षेत्रमा कार्यरत निकायहरुको समन्वयमा कार्यक्रम ल्याइने नीति लिईनेछ ।
- सरसफाइ क्षेत्रको प्रभावकारी विकास तथा पूर्ण सरसफाइ तर्फको अभियानलाई अगाडि बढाउन सयुंक्त अनुगमन प्रणाली अनुसार अनुगमनका कार्य अगाडी बढाईनेछ ।
- स्वच्छ खानेपानी तथा पूर्ण सरसफाइको क्षेत्रमा सरकारी तथा गैर सरकारि, संघ संस्थाहरुको एक द्वार प्रणाली मार्फत आवश्यक लगानी गरिनेछ ।
- खानेपानी तथा सरसफाई सम्वन्धी रणनितिक योजना तर्जुमा गरि कार्यन्वयन गरिनेछ ।
- हालसम्म पनि खानेपानिको सुविधा पुग्न नसकेका वस्तीहरुमा खानेपानीको व्यवस्था सुनिश्चित गर्नेको लागि आवश्यक व्यवस्था गर्ने नीति लिईनेछ ।
- खानेपानी योजनाको अवधि Design Period नसकिदै विपद बाहेक सोही स्थानका अन्य थप खानेपानी योजना नदिने नीति लिईनेछ । र उपलब्धताका आधारमा पुराना खानेपानी योजनाहरुको पुर्न निर्माण तथा पुनस्थापना निम्ति आवश्यक पहल गरिनेछ ।
- आयोजना सम्पन्न भएपछि उपभोक्ता समितिलाई योजना हस्तान्त्रण गर्दा मर्मत सम्भार तथा कार्यसञ्चालनको स्पष्ट प्रावधान राखी हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ र आयोजनामा चौकीदार व्यवस्था गर्न सम्वन्धीत उपभोक्ता समितिहरुलाई अनिवार्य गरिनेछ ।
- खानेपानी आयोजनालाई दिगो रुपमा संचालनको लागि एक घर एक धारा कार्यक्रमलाई अवलम्बन गर्दै सार्वजनिक धारालाई संरक्षण गर्नुका साथै महसुलको व्यवस्था गर्दै लगिने छ । साथै पानी सुदृढिकरण तथा पानी परिक्षण गर्नेका लागि आवश्यक व्यवस्था गरीनेछ ।
- खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको संस्थागत व्यवस्थालाई सुदृढ गर्नको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति महासंघमा आवद्धता हुने पक्रियालाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

## संस्कृति तथा पर्यटन

- परम्परागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्तिक सम्पदाहरुको संरक्षण गर्नका लागि विषेश नीति तथा कार्यक्रम तर्जुमा गरी जुम्लालाई पर्यटन स्थल (Tourism Hub) को रुपमा विकास गरिने नीतिलाई निरन्तरता दिईनेछ
- नेपालको ईतिहास र वर्तमानमा समेत संस्कृतिको सन्दर्भमा एउटा छुट्टै र अलौकिक पहिचान बोकेको जुम्ला जिल्लाको सिंजा क्षेत्र विद्यामान संस्कृती र सामाजिक परम्पराको जर्गेना गर्दे आन्तरिक तथा बाहय पर्यटन विकासको माध्यमबाट समग्र विकासमा ठुलो सम्भावना देखिएकोले यस क्षेत्रमा सांस्कृति संग्रहालयको रुपमा विकास गर्न सम्वन्धीत निकायहरुसँग पहल गरिनेछ ।

- जिल्लाको मौलिक तथा धार्मिक सम्पतिका रुपमा रहेका प्रथा, परम्परा, धर्म संस्कृतिलाई निरन्तरता दिनको लागि आवश्यक व्यवस्था गरिने छ ।
- जिल्लामा रहेका पुरातात्विक महत्वका संरचना, खस भाषा मठ मन्दिर, गुम्बा, स्तम्भ, तामा पत्र शिलालेख ताल तलैया, गुफा छुमचौर कालिमार्सि धान जिउलो, सिद्ध पाइला र लछालकृति पैकेला जस्ता ऐतिहासिक धरोहरको पहिचान संरक्षण लगायतको नीति लिईने छ ।
- नेपाली भाषाको उद्गम भाषाको रुपमा रहेको खस भाषाको संरक्षण र सम्वद्धनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- पर्यटन प्रवर्द्धन तथा पुर्वाधार विकासमा नीजी क्षेत्र उद्योग वाणिज्य संघ, क्षेत्रीय होटल व्यवसायी संघ, Travel Agent Association Nepal (TAN) सरकारी तथा गैर सरकारी निकायलाई प्रभावकारी परिचालनको नीतिलाई निरन्तरता दिईने छ ।
- जिल्लालाई पर्यटकीय गन्तव्यको रुपमा पहिचान गर्न चन्दननाथ, भैरबनाथ मन्दिर, ठाकुर ज्यू, ढुडुल चैत्य, गणेशगुफा, दानसाघु लगायतका पर्यटकीय पूर्वाधार विकासको लागी विशेष पहल गरिनेछ ।
- पर्यटक प्रवर्द्धनका लागि थप प्रर्यटकिय क्षेत्रहरुको पहिचानको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

**वातावरण संरक्षण तथा विपद् व्यवस्थापनः**

- विपद व्यवस्थापनका लागि नगरमा एउटा कोषको व्यवस्था गरिनेछ । साथै विपद् व्यवस्थापनको लागि आपतकालिन केन्द्रको व्यवस्था गर्न पहल गरिनेछ ।
- भौतीक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरिनेछ । एउटा संरचना बन्दै गर्दा अर्को प्राकृतिक सम्पदा बिनास हुने प्रकृतीको अन्त्य गर्ने गरि पूर्वाधार निर्माण गर्ने नीति अवलम्वन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाको विपद् व्यवस्थापन पार्श्वचित्र तयार गरिनेछ ।
- नागा डाँडाहरु तथा नदि, खोलाहरुमा बृक्षारोपण गर्न बन कार्यालयसँग सहकार्य गरि बृक्षा रोपण गरी प्राकृतिक प्रकोपबाट जोखिमलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- नदी कटान क्षेत्रमा नदी नियन्त्रण कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।
- बजार क्षेत्रभित्रका सरकारी एवंम गैर सरकारी कार्यालयहरुमा वातावरणमैत्री पर्यावरण निर्माण गर्ने सरोकार वाला निकाय सँग समन्वय गरिनेछ ।

**फोहोरमैला व्यवस्थापन तर्फः**

- नगरक्षेत्रको फोहोरलाई व्यवस्थीत गर्ने ल्याण्डफिल्ड साईड निर्माणको प्रकृयालाई प्रथामिकता साथ अगाडि बढाईनेछ । सो निर्माण कार्य सम्पन्न नहुन्जेल सम्म अस्थाई ल्याण्डफिल्ड साईडलाई प्रयोग गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि नीजी क्षेत्र स्थानिय यूवा क्लव तथा सम्बन्धीत सरोकारवाला सँगको साझेदारीमा फोहोरमैला संकलन गरि सफा, स्वच्छ सुन्दर नगर बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
- बजार क्षेत्रमा प्रत्यक घर तथा पसलबाट निस्कने फोहोरमैला व्यवस्थापनका लागि आर्थिक ऐन बमोजिम शुल्क निर्धारण गरि लगाईनेछ ।

- फोहोरमैला ब्यवस्थापन सम्बन्धमा बजारक्षेत्र भित्र प्रत्येक १०० मिटरमा फोहोर मलाई नामक कन्टेनर राखिनेछ ।
- फोहोरमैला ब्यवस्थापनका लागि नगरका सबै वडाहरुलाई सक्रिय बनाई फोहोर ब्यवस्थापनका लागि आवश्यक कार्य अगाडि बढाईनेछ ।
- सरसफाई तथा फोहोरमैला ब्यवस्थापनका क्षेत्रमा आबश्यक लगानी जुटाउन तथा बजेटको प्रयाप्त ब्यबस्था गर्न सरकारी गैर सरकारी संघ सँस्थासँग आवश्यक समन्वय गरीनेछ ।

## सुचना तथा संचार विकास

- विद्युतीय एवंम छापा माध्यमबाट सञ्चालनको पहुच पुर्‍याउने संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।
- नेपाल टेलीकमसँग सहकार्य गरि नगर क्षेत्र भित्र का वडा नं. ८ र ९ मा टेलिफोन टावर स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माण भैसकेकोले नेपाल टेलिकम संग सहकार्य गरि उक्त वडाहरुभा टेलिफोन तथा इन्टरनेट सेवा बिस्तार गरिनेछ ।
- नगरपालिका तथा सबै वडा कार्यालयहरुलाइ सुचना प्रविधि मैत्रि बनाईछ।
- चन्दननाथ नगरपालिका तथा वडा कार्यालयहरु विच हुने संचारलाई सूचना प्रविधि संग जोडि पेपरलेस नगरपालिका बनाईनेछ
- जुम्ला जिल्लामा अत्याधुनिक नगर तथा जिल्लाको सूचना तथा अभिलेख केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

## सहकारी ब्यवस्थापन तथा उर्जा विकास तर्फ

- उर्जाको चरम संकटबाट तत्कालिन रुपमा राहात दिनका लागि के गर्न सकिन्छ ? सोको लागि आवश्यक वातावरण बनाउन सरोकारवाला निकायहरुसँग छलफल गरि आवश्यक कार्यक्रम ल्याइनेछ ।
- सडक सञ्जाल सँगै जिल्लालाई बिद्युत संजालसँग जोड्ने कार्यको लागि नेपाल विद्युत प्राधिकरणको केन्द्रिय प्रसारण लाईन बिस्तारको लागि पहल गर्ने नीतिलाई निरन्तरता दिईने ।
- यस नगरका विद्युत पहुच नपुगेका क्षेत्र लगाएत वडा नं. ८ र ९ मा विद्युत सेवा विस्तार गरिनेछ ।
- बजार क्षेत्र भित्र चोरीका घटना बढ्न गएको विषयमा प्रति ध्यानाकर्षण भई सौर्य सडक बत्ति राखिनेछ ।
- बैकल्पीक उर्जाका स्रोतहरुहरुको पहिचान गरी बैकल्पीक उर्जालाई प्रोत्साहन दिईनेछ ।
- सहकारीको माध्यमबाट आर्थिक उन्नति गर्न घर घरमा रोजगारी सिर्जना गर्न आवश्यक नीति तथा कार्यक्रम ल्याइनेछ ।
- सहकारीहरुको संचालन, ब्यवस्थापन तथा नियमनका लागि आवश्यक ब्यवस्था गरिनेछ ।

## आन्तरिक आय बृद्धि

- सम्पति करलाई पूर्णरुपमा लागु गरि कार्यान्वयनमा ल्याईनेछ ।
- राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एवं विस्तारीकरणमा जोड दिईनेछ ।
- कर बर्गीकरण तथा कर संकलनलाई सरलीकरण गर्न विषेश किसिमको सुधार कार्यक्रम ल्याइनेछ ।
- कर संकलनलाई ब्यवस्थित एंव बैज्ञानिक ढंगले संचालन गर्न सबै वडाहरुमा करमा एकरुपता ल्याउन विद्युतिय राजश्व संकलन प्रणाली संचालन गरिनेछ ।

- आन्तरिक राजस्व वृद्दिकालागी अनुगमन कार्यलाई प्रभावकारी बनाउने प्रत्येक महिनामा २ पटक अनुगमन गरिनेछ
- प्रत्येक महिनामा राजश्व संकलनको विवरण राजश्व परामर्श समितिमा प्रस्तुत गरि सुधारका लागि आवश्यक पहल गरिनेछ ।

## घरेलु तथा साना उद्योग, कृषि, पशु तथा पर्यटन

- उच्च मूल्यका पोषण युक्त व्यवसायीक खेती प्रणालीको पकेट क्षेत्रको विकास र विस्तार गर्ने अवलम्बन् गरिने छ ।
- एक घर एक बगैचा, सिंचाई, कृषि पशुमा आधारीत घरेलु, साना तथा ठुला कृषि, व्यवसायी, उद्यमशिलता, दिगो आर्थिक विकासका लागि इन्जिनियरिगं वर्कसप संचालन गर्नकालागि नविन सम्भावनाहरुको अनुसन्धान र अन्वेषण गरिनेछ । साझेदारीमा लैजाने नीति अवलम्बन गरिनेछ ।
- समग्र पशु क्षेत्रको विकास गरि पशु जन्य उद्योगको विकासमा जोड दिईनेछ ।
- कृषिमा आधुनिक प्रविधि अपनाई व्यवसायीक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- दुध, फल, माछा, मासुमा आत्मनिर्भर गर्नका लागि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने कार्यक्रम ल्याइनेछ ।
- पशुमा आधारित व्यवसाय र उद्यममा आधारित योजना बनाइनेछ र करमा समाविष्ट गरिनेछ ।
- पशु प्रजनन निति बनाई नश्ल सुधारका कार्यलाई जोड दिई स्थानीय कमसल जातका पशुलाई उत्पादन दिने पशुमा रुपान्तरण गरिनेछ । विशेष गरेर कृत्रिम गर्भाधारण लाई जोड दिईछ ।
- व्यवस्थीत मासु पसल डेरी एग्रोभेटसं चालन गर्न र नियमन विषेश कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु पालनमा युवाहरुको उल्लेखनिय सहभागिता बढाउन कार्यक्रम र सुलभऋणको व्यवस्था गरिनेछ ।
- छाडा पशु नियन्त्रण गर्न निति अवलब्वन गरि कान्जि हाउस निर्माण गर्नकालागी आवश्यक पहल गरिनेछ ।
- जनस्वास्थ्य संरक्षण गर्नलाई महामारी रोग रेविजलाई नियन्त्रण गर्नलाई भुस्याहा कुकुर नियन्त्रण गर्ने कार्य गरिनेछ ।
- खर्क संरक्षण, सम्वर्द्धन र प्रर्वदन तथा पशु पालक कृषकको स्वामित्व रहने कार्यविधि र कार्यक्रम बनाईनेछ ।
- पशु विमालाई व्यापक, सरल र निक्षेपिकरण गरिनेछ ।
- खोप शिविर सञ्चालन गरिनेछ ।
- अनुवाशिक श्रोत संरक्षणगर्न जुम्ली घोडाको संरक्षण गरि पर्यटन प्रवद्धनमा जोड दिईनेछ ।
- सुख्खा सहने उन्नत घाँसको विकास र विस्तार गरिनेछ ।
- एक घर एक स्याउ बगैचा र एक जर्सी गाई पालन गर्न उत्प्रेरित गरिनेछ । साथै स्याउ आत्मनिर्भर कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- बधसाला सुधार गर्ने र मासिक बजार अनुगमन गरि पशु जन्य खाद्यवस्तुको शुद्धता र गुणस्तर कायम गरिनेछ ।

- भेडा भाख्रालाई प्रमुख पेशाको रुपमा प्रथामिकताको दिई अन्य पशुपालनलाई सुमोचित व्यवस्थापन गरिनेछ ।
- पोषण तथा खाद्य सुरक्षालाई प्राथमिकता दिन बहुक्षेत्रीय पोषण कार्यक्रम क्षेत्र प्रभावकारि रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- कृषक पाठशाला सञ्चालन गरि कृषकको क्षमता विकास गरिनेछ ।
- कृषिजन्य बस्तुको निकासी पैठारीलाई व्यवस्थीत गरि राजश्वको दायरामा ल्याउने व्यवस्था मिलाईनेछ ।
- कृषिप्रर्यटन विकास गर्न कृषि प्रर्यटन सम्वन्धि अनुसन्धान कार्यक्रम प्रक्षेपण गरिने व्यवस्था मिलाईनेछ ।
- विषाधि नियन्त्रण र नियमन गर्ने निति तय गरि अर्गानिक कृषि उत्पादनलाई प्राथमिकता दिईने व्यवस्था मिलाईनेछ ।

नगर क्षेत्र भित्र रहेका लघु तथा घरेलु, साना उधोगको विकास गरी दक्ष उधमी सिर्जना गर्न उक्त क्षेत्रमा संग्लन जनशक्तिको विकास गरि बेरोजगारी न्यूनीकरण गर्ने मेयर रोजगार कार्यक्रमको नीति अवलम्बन गरिने छ

छाडा पशु नियन्त्रण लिनलाई ड्युटागन (बेहोस पार्ने बन्दुक) र गाडीको ब्यबस्था गर्न आवश्यक पहल गरिनेछ ।

**सामाजिक विकासः**

**शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई**

**क) स्वास्थ्य**

- अंचल आयुर्वेद औषधालयको स्तर उन्नती गरी २५ शैयाको अस्पताल निर्माण गर्ने आवश्यक प्रकृयाको थालनि गरिनेछ ।
- स्थानिय स्तरमा उपलब्ध हुने जडिबुटीहरुको संकलन गरी सोही कच्चा पदार्थबाट कार्यालयमै रुलर फार्मेसी द्वारा चुर्ण औषधी निर्माण गरिनेछ ।
- जडिबुटी संकलन केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- योगा हल निर्माण गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- आयुर्वेद सेवा कार्यक्रमलाई प्रभावकारी बनाउनकालागि कृषकहरुलाई जडिबुटी खेती गर्नका लागी प्रोत्साहन गरिनेछ ।
- प्रजनन् तथा स्त्रीरोग, क्षयरोग जस्ता रोगको निदानको लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरि आवश्यक पहल गरिनेछ ।
- स्थानीय स्तरमा भएका स्वास्थ्य मातहतका खोप किल्निक, गाउँघर किल्नीकहरुलाई भौतीक सुविधाहरु सम्पन्न गरी गुणस्तरी स्वास्थ्य सेवा प्रदान गर्दै थप क्लिनिकको स्थापना गरिनेछ ।
- बालवालिकामा रहेको विद्यमान कुपोषण घटाउने प्रभावकारी संयन्त्र तयार पार्ने र बाहिर बाट आउने सर्वोतम पिठोलाई विस्थापन गर्दे स्थानीय खाद्यवालीबाट सर्वोतम पिठो तयार पार्ने व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।
- पूर्ण खोप कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन ल्याउन नगरका सबै वडामा आवश्यक पूर्वाधार व्यवस्था गर्ने नीति अवलब्न गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुच नपुगेको वडाहरुमा सहज स्वास्थ्य पहुँच पुऱ्याउन स्वास्थ्य चौकी विस्तार गर्नको लागी पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरुको आवश्यकता बमोजिमको उपयूक्त स्वास्थ्य सेवा, हेरचाह र सहयोगको एकिकृत कार्यक्रम

तुर्जमा गरी लागु गरिनेछ ।

- नसर्ने रोग रोकथाम तथा नियन्त्रण दुर्घटना तथा चोटपटक रोकथाम तथा उपचार र मानसिक स्वास्थ्य सम्बन्धी नीतिको आधारमा त्यससँग सम्बन्धीत सेवाहरुलाई प्रभावकारी ढंगले लागु गरिनेछ ।
- जेष्ठ नागरिक दिवा सेवा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- मानसिक स्वास्थ्य सेवालाई समुदाय स्तरदेखी विशिष्ट स्वास्थ्य सेवा दिने अस्पतालहरु सम्म उपलब्ध गराउने गरी आवधिक योजनामा समावेश गरी कार्यान्वियन गर्दै लगिनेछ ।
- परिवार योजना लगायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकीकृत सेवाको रुपमा कार्यान्वियन गरिनेछ । युवा तथा किशोर मैत्री स्वास्थ्य सेवाको अवधारणालाई सम्पूर्ण स्वास्थ्य सेवाप्रदायक संस्थाहरुमा समावेश गरिनेछ
- बाल स्वास्थ्य प्रवद्धन गर्ने एकिकृत बालरोग व्यवस्थापन कार्यक्रमलाई समयानुकुल सुदृढ तुल्याई निरन्तर कार्यान्वियन गरिनेछ ।
- मुखको स्वास्थ्य, आँखा तथा कानको स्वास्थ्य सेवालाई प्रवाहित गर्ने कार्य जागरुकताका साथ कार्यान्वियन गरिनेछ ।
- सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी सन्धी लगायतका राज्य पक्ष भएर गरेका अर्न्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धतालाई जागरुकताका साथ पालना गरिनेछ ।
- स्वास्थ्य सेवाहरु सर्वसुलभ एवं प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको योजना, उत्पादन, प्राप्ती, विकास तथा उपयोग गर्ने सम्वन्धमा निम्न रणनीतिहरु लिइनेछ ।
- जनसंख्याको आधारमा सीप मिश्रण हुनेगरी जनशक्तिको थप दरवन्दी सिर्जना गरी गुणस्तरीय सेवाको प्रत्याभुति गरिनेछ ।
- स्वास्थ्यकर्मी र कर्मचारीहरुको सरुवा व्यवस्थित गर्न पारदर्शी र वैज्ञानिक चक्रीय सरुवा प्रणनली विकास गरि लागु गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिबृद्धि गर्न थप प्रोत्साहन सहित उनीहरुको सेवालाई थप गुणस्तरीय बनाइनेछ ।
- आवश्यक पर्ने अत्यावश्यक औषधीहरु आपूर्ती गर्ने व्यवस्था मिलाईनेछ ।
- हरेक स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण हुने अत्यावश्यक औषधीको दुरुपयोगलाई नियन्त्रणको लागि विशेष व्यवस्था गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा भए गरेका सम्पूर्ण कार्यहरुको सुचना सहज र सरल ढङ्ले सम्पूर्ण नागरिकहरुको पहुँचमा पुऱ्याउन स्वास्थ्य सुचना प्रणालीको विकास गरिनेछ ।
- नागरिक स्वास्थ्यमा प्रतिकुल असर पार्ने सुर्ती सुर्तीजन्य पदार्थ मदिरा एवं अन्य खाद्यपदार्थको विज्ञापन र प्रवद्धनमा बन्देज लगाइनेछ । त्यसैगरी नागरिकको यौनजीवनलाई प्रत्यक्ष्न परोक्ष नकारात्मक असर पार्ने कुनै पनि प्रकारका सञ्चार सामाग्रीहरुमा बन्देज लगाइनेछ ।
- विद्युतीय लगाएतका सबै सञ्चार माध्यामको उच्चतम् उपयोग गरी स्वास्थ्य सम्बन्धी जानकारी लिन सबै नागरिकलाई प्रोत्साहित गरिनेछ ।
- स्थानीय तहमा उपलब्ध हसने तथा उत्पादन गर्न सकिने खाद्य पदार्थको उत्पादन, प्रवद्धन र प्रायेगलाई विशेष जोड दिनेगरी समुदायमा आधारीत पोषण सम्बन्धी शिक्षा लगाएतका आध्यामबाट दिर्घकालीन रुपमा कुपोषणमुक्त गराउन आवश्यक व्यवस्था गरिनेछ ।

- कुपोषणको अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण सम्बन्धी नीति तथा खाद्य सुरक्षा लगाएत कार्यक्रमहरु अध्यावधिक गर्दै उच्च प्राथमिकताका साथ लागु गरिनेछ ।
- शरीरलाई हानी पुऱ्याउने प्रशोधित तथा तयारी खानेकुरा मदिरा र पेय पदार्थको प्रयोगलाई निरुत्साहित गर्दै होटल र रेष्टुरेन्टबाट बिक्री वितरण गरिने खानेकुराहरुको गुणस्तर अनुगमन् गर्न आवश्यक कानून, कार्यविधि र जनशक्तीको व्यवस्था गरिनेछ ।
- खाद्य पदार्थजन्य रोग तथा मोटोपनालाई नियन्त्रण गर्न उपयुक्त जीवनशैलीलाई प्रोत्साहित गर्दै लगिनेछ ।
- स्वास्थ्यलाई हानी गर्ने गरी खाद्य पदार्थमा हुने मिश्रणलाई कानुनको दायरामा ल्याई दण्डित गर्ने व्यवस्था मिलाईने छ ।
- सक्षम एवं जवाफदेही समन्वय, अनुगमन तथा नियमन संयन्त्र एवं प्रक्रियाद्वारा गुणस्तर स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न निम्नअनुसराका रणनीतिहरु लिइनेछ ।
- सरकारी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने सम्पूर्ण स्वास्थ्य सेवाहरुको निमन गर्न कानूनी संस्थागत व्यवस्था गरी गुणस्तरीय स्वास्थ्य सेवा प्राप्तिको सुनिश्चितता गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गरेको यकिन हुने गरी राष्ट्रिय निर्देशिका र प्रोटोकलहरु लागु गर्न सक्ने व्यवस्था मिलाईनेछ ।
- सरकारी वा गैर सरकारी क्षेत्रबाट न.पा. कककोे कुनै पनि भौगोलिक क्षेत्रमा दिइने स्वास्थ्य सेवाको गुणस्तरको
  निरन्तर अनुगमन एवं मूल्याङ्कन गरी सो को आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।
- विरामी वा स्वास्थ्य सेवा प्रयोकर्ताको उजुरी र गुनासो सुन्ने तथा सो को कानुनी उपचार प्रदान गर्न आवश्यक संस्थागत संरचना तयार गरी लागु गरिनेछ । उपचारका क्रममा उपलब्ध भए सम्मका प्रविधिको सम्बन्धमा परामर्श गर्नु पर्ने व्यवस्था गरिनेछ ।
- महामारीको रुपमा विकसित हुन सक्ने रोग देखा पर्दा तोकिएको निकायलाई तोकिएको समयमा अनिवार्यरुपले सुचित गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- चिकित्सकले औषधीको सिफारिस गर्दा जेनेरिक नाममा सबैले बुझ्ने गरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- स्वास्थ्यसँग सम्बन्धित बहुपक्षीय सरोकारवाला निकायहरुको सहकार्यलाई थप सुदृढ गर्दै राज्यको प्रत्येक नीतिमा स्वास्थ्यलाई मूलप्रवाहीकरण गर्न रणनीतिहरु अवलम्बन गरीनेछ ।
- स्वास्थ्यलाई विकासको मुख्य एजेण्डाको रुपमा स्वीकार गर्दै विद्यमान बहुपक्षीय सहकारीतालाई थप सुदृढ बनाइने छ । सम्वद्ध सबै नीतिहरुमा स्वास्थ्य सम्बन्धी मुद्धाहरुलाई समावेश गराइनेछ ।
- नेपालले सन् २०१५ सम्मका लागि निर्धारित स्वास्थ्य सँम्वन्धी सहसाब्दी विकास लक्ष्यमा प्राप्त गरेको प्रयासलाई दिगो बनाउदै त्यसपछि निर्धारित हुने लक्ष्यलाई प्रभावकारी ढंगले सम्बोधन गरिनेछ ।
- स्वास्थ्य संरक्षण तथा प्रवर्द्धनका लागि वातावरण प्रदुषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गरीनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक नीतिगत, संस्थागत र व्यवस्थापकीय माध्यमद्वारा स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्न आवश्यक रणनीतिहरु लिईनेछ ।
- स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासकालागि सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यलाई

प्रवर्द्धन गरीनेछ ।

- गुणस्तरीय एवं सर्वसुलभ स्वास्थ्य सेवाको सुनिश्चतता गर्न उपचारको खर्चमा नागरिकको वित्तीय सुरक्षा गर्न स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र निजी एवं गैर सरकारी क्षेत्रबाट प्राप्त वित्तीय स्रोतहरुको प्रभावकारी उपयोग एवं ब्यवस्थापन गरीनेछ ।
- नगरक्षेत्रमा सरकारी, गैरसरकारी निकायको सहयोगमा स्वास्थ्यका लागी सक्षम प्रणाली कार्यक्रम लागु गरिनेछ।

**ख) शिक्षा (Education)**

- बालविकास केन्द्रको पूर्वाधार विकास गर्दै विद्यालय सुधार योजना लागु गरिनेछ ।
- संयुक्त विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यको थालनी गरिने नितिलाई निरन्तरता दिईनेछ ।
- योग्य र वरिष्ट शिक्षक नेतृत्व सुम्पिएर विद्यालय प्रशासन तथा ब्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन प्र.अ. मिलान कार्य यथा सक्य सम्पन्न गर्न पहल गरिनेछ ।
- स्वीकृति नलिई सञ्चालन गरिएको सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई निरुत्साहित र नियन्त्रण गर्दै कानूनी दायरामा ल्याउनेछ र सञ्चालनमा ल्याइएका विद्यालयलाई जनसंख्या तथा विद्यालय नक्सांकनका आधारमा स्तरबृद्धि गर्दै लगिनेछ ।

समितिको गठन गरि शैक्षिक विकासका कार्यक्रमहरुको संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ

- सरकारी तथा गैर सरकारी संघ संस्थागतको सहकार्य र समन्वयमा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरिनेछ र उनीहरुलाई औपचारिक शिक्षाको मूल प्रवाहमा समेट्न विभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरु मध्ये कुनै एउटा विद्यालयलाई सुचना प्रविधिमैत्री तथा अंग्रेजि माध्यामको शिक्षा कार्यक्रम लागु गरी नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।
- विद्यालय ब्यवस्थापन समितिको क्षमता वृद्दिको कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालय मंर्ज तथा शिक्षा दरबन्दी मिलान कार्यलाई अन्तिमरुप दिईनेछ ।

**यूवा**

- युवाहरुको सिप, योग्यता, क्षमता तथा दक्षताको अधिकतम प्रतिफल प्राप्त गर्ने गरि युवा शसक्तिकरण कार्यक्रम संचालन गरिनेछ
- यूवाहरुको विकासलाई प्रभावकारी तुल्याउन यूवा प्रोफाइल तयार गर्नको लागि यस क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरि युवा परिचालन गरिनेछ ।
- शिक्षित बेरोजगार, अर्ध बेरोजगार यूवाहरुलाई समयानुकुल उद्यमशीलता र ब्यवसायीकरण तर्फ जोड दिई युवा पलाईन हुने विद्यमान अवस्थालाई न्यूनिकरण गर्न विभिन्न कार्यक्रमहरुमा संलग्नता र सहभागी हुन प्रेरित गरिनेछ ।
- राष्ट्रिय युवा नीति २०७२ को भावना अनुसार यूवा वर्गको विकासको लागि विशेष जोड दिइनेछ ।
- युवा विकासका सम्वाहक हुन् भन्ने मान्यतालाई आधार मानी समग्रमा युवा क्षेत्रको विकासको सरकारी तथा गैरसरकारीहरुको समन्वय तथा सहकार्यमा नेतृत्व विकास, सीपमुलक तथा रोजगारी मूलक, संचार सम्बन्धी

- तालीमहरु संचालनको लागि आवश्यक नीति लिनेछ ।
- नगरपालिका भित्र संचालन हुने विकास आयोजनाहरुमा युवाहरुको अधिकतम परिचालन गरिनेछ ।

**सामाजिक परिचालन तर्फः**

- सामाजिक परिचालनको लागी विभिन्न शसक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- समाजिक परिचालनको माध्यमबाट सचेतना अभिबृद्धि गर्ने योजना तर्जूमा पक्रियामा लागत सहभागिता बढाउने योजनामा अर्थपूर्ण जनसहभागिता बढाउने नतिजामा आधारित विकास प्रक्रिया अवलम्वनमा पहल गर्ने, सामाजिक संमवादका माध्यमबाट सामाजिक, मनोवैज्ञानिक र सकारात्मक सोच तर्फ उन्मुख समाज निर्माण गर्ने विधि र प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- फरक क्षमताका व्यक्तिहरुको हकमा विषेश सशक्तिकरण एव आयआर्जन मुलक कार्यक्रममा जोड दिइनेछ ।
- घरेलु हिंसा, यौनजन्य हिंसा लगायत अन्य हिंसाजन्य क्रियाकलापलाई निर्मुल गर्न सामाजिक शसक्तिकरणमा कार्यक्रम संचालन गरिनेछ ।
- लैगिंक उत्तरदायी बजेट कार्यान्वियन ल्याइनेछ । महिलालाई प्रत्यक्ष फाइदा पुग्ने भौतिक एवं सामाजिक पूर्वाधार निर्माण गर्ने विषेश प्राथमिकता दिइनेछ । मैत्री संरचनाहरु निर्माण गरिनेछ ।

**पूर्ण सरसफाईः**

- खुल्ला दिशामुक्त क्षेत्र घोषणा भइसकेको यस नगर क्षेत्रलाई सफा बनाउन पूर्ण सरसफाईका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- सार्वजनिक शौचालयहरुलाई व्यवस्थित गर्नका लागि निजि क्षेत्रसँग साझेदारीमा व्यवस्थापन करारको प्रकृया थालनि गरिनेछ ।
- पूर्ण सरसफाई सम्बन्धी रणनितिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सार्वजनिक स्थानमा रहेका नदी खोलाहरुमा शौचालयको ढल निकास कार्यलाई तत्काल बन्द गरि सजायको व्यवस्था गरिनेछ ।

**दण्ड र पुरस्कारः**

- नगरका योजना कार्यक्रमहरु समयमै सम्पन्न गर्ने तथा उत्कृष्ट कार्य गर्ने निर्माण व्यवसायी, उपभोक्ता समितिहरुलाई पुरुष्कृत गरिनेछ भने समयमै कार्य सम्पन्न नगर्नेलाई दण्डीत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा पदाधिकारीहरुलाई सम्मान गर्ने तथा कार्यसंपादनमा हेलचेक्राई गर्ने उपर कारवाही गर्ने नीति अख्तियार गरिनेछ ।
- नगरक्षेत्र भित्र राम्रो काम गर्ने संघ संस्थाहरुलाई कार्य सम्पादन मूल्याङ्कनको आधारमा पुरस्कृत गर्ने नीति अवलम्ब गरिनेछ ।

**संगठन संरचना तथा जनशक्ति व्यवस्थापनः**

- उपलब्ध जनशक्तिको क्षमता बिकास कार्यलाई प्राथमिकताका दिइनेछ ।
- आफ्नो काम प्रति स्वयंम उत्तरदायी हुने व्यवस्था अवलम्बन गरिनेछ ।
- कर्मचारीको कार्य सम्पदान मुल्याङ्कन आधारमा पुरस्कार र दण्ड दिने व्यवस्था अवलम्न गरिनेछ ।
- कर्मचारीले प्राप्त गर्न सेवा सुविधालाई समान र न्यायोचित ढंगले वितरण गरिनेछ ।
- वृत्ति विकास योजना लागु गरी सो सम्बन्धी आवश्यक ज्ञान र सिप अभिवृद्धि गर्ने खालको कार्यक्रम ल्याइनेछ ।
- नगरक्षेत्र भित्रका जनशक्तिलाई रोजगार उन्मुख बनाउन एंव दक्ष जनशक्ति उत्पादन गर्नका लागि सम्बन्धीत संस्थाको समन्यमा विशेष कार्यक्रहरु ल्याईनेछ ।
- स्वारोजगार मुलक कार्यक्रमहरु मार्फत जनशक्तिलाई व्यवस्थित गर्नका लागि सम्बन्धित निकायहरु र सरोकार वालासँग समन्वय गरिनेछ ।
- यस नगरपालिकामा कार्यरत स्थायी, अस्थायी, करार प्रशासनिक र प्राविधिक कर्मचारीहरुको श्रममुल्यांकन गरी रोजगारिको सुनिश्चितता अवसर प्रदान गरिने निति तथा कार्यक्रम संचालन गरिनेछ । बृत्ति विकासलाई फराकिलो बनाउन हाल व्यवस्था नभएको पदपूर्ति समितिको गठन गर्न आवश्यक प्रकृयाको थालनि गरिनुका साथै लामो समय बढुवाको अवसर नपाएका कर्मचारीहरुको बढुवा प्रकृयाको थालनि गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानीय तहका कर्मचारीहरुको सेवा निवृत्त तथा औषधि उपचार लगायतका सुविधाका लागि कर्मचारीकल्याण कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

**लक्षित वर्ग समुदाय विकासः**

- लैगिंक समानता लागि लैंगिक दृष्टिले पछाडीपरेका महिला लक्षित गरि महिला विकास कार्यक्रम ल्याईनेछ । विद्यालयका शौचालयहरु छात्र र छात्रालाई अलग अलग गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- महिला लगायत विविध लक्षित बर्गको पहुँच अभिबृद्धि गर्न र सरकारी सेवामा पहुँच पुऱ्याउने लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- मनोबैज्ञानीक रुपमा परामर्श गर्नकालागि मनोपरामर्श सम्बन्धी कार्यक्रम ल्याइनेछ ।
- समाजका उपेक्षित एवं उत्पीडित रुपमा रहेको दलित समुदायको विकासमा उहाँहरुको क्षमता विकास गर्ने खालको कार्यक्रम ल्याइनेछ ।
- दलित र गैरदलित एवं दलित दलित बिचमा रहेको ससमानता र छुवाछुतको मानवलाई न्यूनीकरण गर्न सम्बन्धीत सरोकारवालाको समन्वयमा विशेष कार्यक्रम ल्याइनेछ ।
- नगर भित्रका वृद्धहरुको बाच्न पाउने अधिकारको सुनिश्चितता प्रदान गर्ने र सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गरि अशक्त, वृद्धकालागि विशेष प्रकृतिको स्वास्थ्य उपचार घरदैलोमा प्रदान गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने किसिमका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।
- न्यायीक समितिमार्फत विभिन्न कुलत तथा कुसंस्कारमा फसेका युवा युवतिहरुलाई लक्षीत गरी कार्यक्रम संचालन गरिनेछ ।